नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# भुकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकिकृत कार्ययोजना-२०७२

**(Integrated Action Plan for Post-Earthquakes Response & Recovery-2072)**

### १. पृष्ठभूमि:

यही २०७२ साल वैशाख १२ गते शनिबार मध्यान्ह ११:५६ बजे गोरखा जिल्लाको बारपाक क्षेत्रमा केन्द्र विन्दु भएको ७.६ रेक्टर स्केलको भुकम्पर त्यसपछि विभिन्न समयमा गएका पराकम्पनहरुबाट नेपालका १४ जिल्लामा ठुलो जनधनको क्षति भएको छ भने झण्डै ३५ जिल्ला यसबाटप्रभावित भएका छन्। गृह मन्त्रालयबाट प्राप्त पछिल्लो अभिलेख अनुसार हाल सम्म करीव ८,६०० व्यक्तिले ज्यान गुमाएका र २१,८५० भन्दा बढी व्यक्ति घाइते भएको अवस्था छ । भौतिक क्षतिको हकमा करीब ५,००,२२३ निजी घरहरु र ९८० भन्दा बढी सरकारी भवनहरु पूर्ण रुपले क्षति भएका छन् भने करीब २,७०,००० निजी भवन र ३,००० सरकारी भवनहरु आशिंक रुपमा क्षतिग्रस्त भएका छन्। यसैगरी विद्यालयका १३,३०० भन्दा बढी कक्षाकोठाहरु पूर्ण रुपमा र ५,००० भन्दा बढी कक्षा कोठाहरु आंशिक रुपमा क्षति भएका छन्। भुकम्पबाट भएको क्षतिबाट मुलुकको विकास निर्माण र समग्र अर्थतन्त्रमा नकरात्मक असर परेकोछ। यस विपत्तीबाट परेको प्रभावको सामना गर्न र राहत, पुनर्स्थापना तथा नवनिर्माण कार्यलाई चरणवद्ध रुपमा अघि बढाउन आवश्यक भएकोले सम्मानीय प्रधानमन्त्रीबाट व्यवस्थापिका-संसदको आकस्मिक अधिवेशनको २०७२ साल बैशाख २५ गतेको बैठकमा भएको सम्बोधन रव्यवस्थापिका-संसदको बैठकबाट २०७२ बैशाख ३० गते पारित संकल्प प्रस्ताव समेतको आधारमा नेपाल सरकारलेयो कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

### २. कार्ययोजनाको उद्देश्य :

(क) भुकम्प प्रभावित क्षेत्रमा उद्धार तथा राहतका कार्यहरु शिघ्र, समन्वयात्मक एवं प्रभावकारी रुपमा सञ्चालन गर्ने,

(ख) भुकम्पबाट पीडित जनतालाई तत्काल पुनर्लाभ, पुनर्स्थापना तथा पुर्नवासको व्यवस्था मिलाउने,

(ग) भुकम्पबाट क्षतिग्रस्त संरचनाहरुको नव निर्माण गर्ने।

**३. कार्ययोजना :**

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| १. | भग्नावशेष र पहिरोमा पुरिएका व्यक्तिको खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिने । | रक्षा मन्त्रालय र गृह मन्त्रालय | नेपाली सेना,नेपाल प्रहरी,सशस्त्र प्रहरीबल,स्थानीय प्रशासन र स्थानीय निकाय | नपर्ने | कार्य सम्पन्न नभएसम्म | |
| २. | भौतिक संरचना र पहिरोमा पुरिएका शवहरु र मृत जीवजन्तुको उचित व्यवस्थापन गर्ने । | गृह मन्त्रालय र कृषि विकास मन्त्रालय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | नपर्ने | तत्काल | |
| ३. | भूकम्पवाट प्रभावित घाइतेलाई नि:शुल्क उपचार गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय(सरकारी तथा गैरसरकारी अस्पतालहरू) | अर्थ मन्त्रालय | नपर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक ठाने अनुसार | |
| ४. | मृतकका परिवारलाई अन्तिम संस्कार खर्च प्रति मृतक रू. चालिस हजार र मृतकका परिवारलाई रू. एक लाख राहत उपलब्ध गराउने । | गृह मन्त्रालय | अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | नपर्ने | तत्काल | |
| ५. | क्षतिको एकीकृत विवरण संकलनतथा आवश्यकताको आंकलनगर्न प्राविधिक सहितको निजामती टोली गाँउ/गाँउमा परिचालन गर्ने । | गृह मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | नपर्ने | तत्काल | |
| ६. | भूकम्पबाट प्रभावित क्षेत्रमा महामारी फैलन नदिन आवश्यक व्यवस्था मिलाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अर्थ मन्त्रालय | नपर्ने | तत्काल | |
| ७. | प्रभावित जिल्लाका सरकारी कार्यालयहरुमा रिक्त दरबन्दी पूर्ति गर्ने, अन्यत्र काजमा रहेका | सम्बन्धित मन्त्रालयहरु | सामान्य प्रशासन मन्त्रालय | नपर्ने | तत्काल | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | कर्मचारी फिर्ता गर्ने र काज नखटाउने। | | | | | |
| ८. | भुकम्पबाट प्रभावित जेष्ठ नागरिक, एकल महिला, रोगी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति लगायतलाई संक्रमणकालीन आश्रय केन्द्र स्थापना गरी अस्थायी बसोबासको व्यवस्था मिलाउने। | गृह मन्त्रालयको संयोजनमा सहरी विकास, संघीय मामिला तथा स्थानीय विकास र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | अर्थ मन्त्रालय | नपर्ने | तत्काल | |
| ९. | भूकम्पवाट अभिभावक गुमाएका र आश्रय विहिन वालवालिकाको लागि,<br>(क) आश्रयको व्यवस्था गर्ने। | महिला, बालवालिका तथा समाजकल्याण मन्त्रालय | अर्थ मन्त्रालय | नपर्ने | तत्काल | |
| | (ख) निःशुल्क शिक्षाको व्यवस्था गर्ने। | शिक्षा मन्त्रालय | अर्थ मन्त्रालय | १५ दिन भित्र | २०७२ आषाढ | |
| १०. | भुकम्प प्रभावित क्षेत्रमा उद्धार,राहत वितरण तथा अस्थायी पुनर्वास कार्यमा सहयोग पुऱ्याउन स्वयंमसेवक परिचालन गर्ने। | युवा तथा खेलकूद मन्त्रालय | विभिन्न संघसंस्थाहरु | ७ दिन | तत्काल | |
| ११. | फजुल तथा अनावश्यक खर्च नियन्त्रण गर्ने। भैपरी आउने खर्चमा मितव्ययिता अपनाउने। इन्धन तथा सवारी साधनको मितव्ययी प्रयोग गर्ने। | सबै मन्त्रालयहरु | अर्थ मन्त्रालय | मापदण्ड/निर्देशिका तर्जुमा गरी लागु गर्ने।<br>(अर्थ मन्त्रालय) | तत्काल | |
| १२. | निम्न क्षतिग्रस्त संरचनाहरूको मर्मत तथा यथाशिघ्र संचालन गरी सेवा प्रवाह गर्ने। | | | | | |
| | (क) शैक्षिक संस्थाहरु | शिक्षा मन्त्रालय | अर्थ मन्त्रालय,सहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोग | ७ दिन भित्र | २०७२ जेष्ठ मसान्त | |
| | (ख) अस्पताल तथा स्वास्थ्य केन्द्रहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | | |
| | (ग) सडकहरु | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | | | | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | (घ) खानेपानी तथा ढल निकास | सहरी विकास मन्त्रालय | | | | |
| | (ङ) जलविद्युत केन्द्र र प्रसारण लाइन | उर्जा मन्त्रालय | | | | |
| | (च) पदयात्रा मार्गहरु | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय,सहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोग | ७ दिन भित्र | २०७२ जेष्ठ मसान्त | |
| | (छ) अन्य सरकारी संरचनाहरु | सम्बन्धित मन्त्रालयहरु | | | | |
| १३. | पीडितहरुलाई वर्गिकरण गर्ने ।प्रभावित सबै परिवारसम्म पुग्ने गरी त्रिपाल,औषधी, खाद्यान्न लगायतका राहत वितरण गर्ने । | गृह मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास मन्त्रालय,वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | उद्योग मन्त्रालय | राहत वितरण कार्ययोजना(Distribution Plan) गृह मन्त्रालयको संयोजनमा वनाउने | २०७२ जेष्ठ मसान्तसम्म वितरण गरिसक्ने | |
| १४. | भुकम्पबाट मृत्यु भएका एकाघरका पीडित परिवारका विदेशमा रहेका सदस्यले नेपाल फर्कन चाहेमा सहजीकरण गर्ने । | परराष्ट्र मन्त्रालय | श्रम तथा रोजगार मन्त्रालय | नपर्ने | २०७२ जेष्ठ मसान्त | |
| १५. | विपद व्यवस्थापन प्रतिकार्य, पुर्नलाभ एवं पुनर्निर्माण गर्न उपयुक्त कानूनी तथा संरचनागत व्यवस्था गर्ने। | कानून, न्याय, संसदीय मामिला तथा संविधान सभा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय,गृह मन्त्रालय र राष्ट्रिय योजना आयोग | नपर्ने | २०७२ जेष्ठ मसान्त | |
| १६. | भूकम्पवाट प्रभावित क्षेत्रका कृषकहरूलाई राहत स्वरुप वर्षे बालीका लागि, | | | | | |
| | (क) वीउविजन नि:शुल्क उपलब्ध गराउने । | कृषि विकास मन्त्रालय | अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ७ दिन | २०७२ जेठ मसान्त | |
| | (ख) मलखाद सहुलियतमा दिने। | कृषि विकास मन्त्रालय | | ७ दिन | २०७२ जेठ मसान्त | |
| | (ग) मालपोत मिन्हा दिने । | भूमिसुधार तथा व्यवस्था | | नपर्ने | २०७२ जेठ | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | | मन्त्रालय | | | मसान्त | |
| १७. | प्रभावित जिल्लाका पीडित परिवारलाई अस्थायी आवासको लागि जस्ता पाता वा प्रति परिवार रु पन्ध्र हजार उपलब्ध गराउने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | नपर्ने | २०७२ जेष्ठ मसान्त | |
| १८. | राष्ट्रिय भवन संहिता, २०६० लागु भए पश्चात स्वीकृत नक्शा, मापदण्ड, गुणस्तर र प्रकृया पुरा गरी बनेका नयाँ सरकारी भवनहरु, व्यापारिक मल, सिनेमा घर, अपार्टमेन्ट जस्ता भवनहरु भत्किएको भएमा क-कसको कमजोरीबाट यस्तो भएको हो सोको छानविन गरी प्रतिवेदन पेश गर्न प्राविधिक समेत रहेको अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालयहरु | नपर्ने | २०७२ जेष्ठ मसान्त | |
| १९. | भुकम्पमा परी अपाङ्गता भएका व्यक्तिलाई निश्चित मापदण्डको आधारमा थप राहत उपलब्ध गराउने। | महिला, बालबालिका तथा समाजकल्याण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जेष्ठ मसान्त भित्र | २०७२ आषाढमसान्त | |
| २०. | पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका लागि अन्तराष्ट्रिय सहायता जुटाउन अन्तराष्ट्रिय दातृ सम्मेलन आयोजना गर्ने। | अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय सम्बन्धित मन्त्रालयहरु | नपर्ने | २०७२ आषाढ मसान्त | |
| २१. | भू-उपयोग नीतिको पुनरावलोकन गरी कडाईका साथ कार्यान्वयन गर्ने। | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नपर्ने | २०७२ आषाढ मसान्त | |
| २२. | राष्ट्रिय भवन संहिता, २०६० को | सहरी विकास मन्त्रालय, संघीय | प्रधानमन्त्री तथा | नपर्ने | २०७२ आषाढ | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | पुनरावलोकन गरी कडाईका साथ कार्यान्वयन गर्ने। | मामिला तथा स्थानीय विकास मन्त्रालय(कार्यान्वयन गर्ने/गराउने) | मन्त्रिपरिषद्को कार्यालय | | मसान्त | |
| २३. | विपद्बाट क्षतिग्रस्त संरचनाहरुको पुर्ननिर्माणको लागि आवश्यक स्रोत जुटाउन राष्ट्रिय पुनर्निर्माण ऋणपत्र जारीगर्ने। | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | नपर्ने | २०७२आषाढ मसान्त | |
| २४. | प्रभावित क्षेत्रका बैंकका ऋणिहरूका लागि ऋणको सीमा,ऋणिको आर्थिक अवस्था र क्षतिको समेतको आधारहेरी व्याज र ऋण भुक्तानी तालिकाको पुनसंरचना गर्ने एवं कार्यविधि बमोजिम पचासहजारसम्मऋणको सावा र व्याज मिन्हादिने। | अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु | १५ दिन भित्र | २०७२ आषाढ मसान्त | |
| २५. | भुकम्पबाट प्रभावित क्षेत्रमा पुनर्निर्माणमा सहयोग पुऱ्याउन प्राविधिक स्वयंमसेवक कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय योजना आयोग | सम्बन्धित मन्त्रालयहरू | जेष्ठ मसान्त | निरन्तर | |
| २६. | (क)प्रकोपको मौका छोपी पसल वन्द, जम्माखोरी, कालोवजारी एवं कृत्रिम अभाव सृजना हुन नदिन निरन्तर अनुगमन तथा दोषीलाई हदैसम्मको कारबाही गर्ने। | गृह मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय | उपभोक्ता हित सम्बन्धी संघसंस्थाहरू<br>उद्योग वाणिज्यसँग सम्बन्धित संघ संस्थाहरू | नपर्ने | निरन्तर | |
| | (ख)राहत सामाग्री र रकमको दूरूपयोग गर्ने, पीडित जनता समक्ष पुग्न नदिने एवं पक्षपात र हिनामिना गर्नेलाई कानून | गृह मन्त्रालय | राष्ट्रिय सतर्कता केन्द्र (अनुगमन गर्ने) | नपर्ने | निरन्तर | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | वमोजिम कडा कारवाही गर्ने । | | | | | |
| २७. | भूकम्पवाट प्रभावित क्षेत्रमा भएको खोज, उद्धार, सहायता,राहत,पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रमहरुको खर्चको पारदर्शिता कायम गर्ने । यस सम्बन्धी जानकारीहरु निरन्तर रुपमा विभिन्न सञ्चार माध्यमहरुबाट सार्वजनिक गर्ने। | गृह मन्त्रालय, अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू | नपर्ने | निरन्तर | |
| २८. | प्रभावित क्षेत्रका जनताको पुनर्वासका लागि सुरक्षित स्थानको पहिचान गर्ने । जग्गा सट्टा भर्ना तथा एकीकरण(Land Pooling) गर्ने । | सहरी विकास मन्त्रालय | भूमिसुधार तथा व्यवस्था मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | जेष्ठ मसान्त | तीन महिना भित्र | |
| २९. | भुकम्पबाट प्रभावित जनताको पुनर्वासका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउने । | वन तथा भू-संरक्षण मन्त्रालय | सम्बन्धित संस्थाहरु | नपर्ने | पुनर्वास सम्पन्न नभएसम्म | |
| ३०. | क्षतिग्रस्त ऐतिहासिक, धार्मिक पुरातात्विक, साँस्कृतिक सम्पदाहरूको | | | | | |
| | (क) संरक्षण तथा मर्मत गर्ने । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय | नपर्ने | तत्काल | |
| | (ख) पुनर्निर्माण गर्ने। | संस्कृति पर्यटन तथा नागरिक उड्डयन, संघीय मामिला तथा स्थानीय विकास र सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालयर भूमिसुधार तथा व्यवस्था मन्त्रालय | आषाढ मसान्तभित्र | तीन वर्ष | |
| ३१. | क्षतिग्रस्त घर पुनर्निर्माण गर्न पिडित परिवारले ऋण लिन चाहेमा २ प्रतिशतको सहुलियत व्याजदरमा उपत्यका भित्र २५ लाख र वाहिर १५ लाखसम्म कार्यविधि | अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | बैंक तथा बित्तीय संस्थाहरु | ७ दिन भित्र | २०७२ जेठदेखि२०७३ आषाढ मसान्तसम्म | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | बनाई भूकम्प पिडित विशेष घर कर्जा उपलब्ध गराउने। | | | | | |
| ३२. | नगरपालिका क्षेत्रमा मापदण्ड विपरित निर्माण गरिएका संरचनाहरु सम्बन्धित घरधनीहरुले भत्काउने। घरधनीले नभत्काएमा सम्बन्धित नगरपालिकाले घरधनीकै लागतमा भत्काउने। | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सहरी विकास मन्त्रालय र गृह मन्त्रालय | नपर्ने | एक बर्ष | |
| ३३. | कुनै गाँउ वस्तीका महत्वपूर्ण संरचनाको पुनर्निर्माण गर्न चाहने व्यक्ति वा संस्थालाई पुनर्निर्माणको अभियानमा संलग्न गराउने। | सम्बन्धित मन्त्रालयहरु | राष्ट्रिय योजना आयोग<br>अर्थ मन्त्रालय<br>(कार्यविधि बनाउने) | १५ दिन | एक वर्ष | |
| ३४. | क्षतिग्रस्त कलकारखाना एवं व्यवसायिक भवन पुनर्निर्माण गर्न चाहेमा निश्चित सिमासम्मको ऋण लिदा सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने। | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | जेष्ठ मसान्त | २०७२ श्रावण देखि २०७३ आषाढ मसान्त सम्म | |
| ३५. | क्षतिग्रस्त पूर्वाधारहरू(विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, सिंचाइ, विद्युत, सडक, पुल,रंगशाला, कभर्ड हल जस्ता खेल संरचना,स्थानीय निकाय तथा सरकारी कार्यालयका भवन आदी) प्राथमिकतापूर्वक पुर्ननिर्माण गर्ने। | सम्बन्धित मन्त्रालयहरु | अर्थ मन्त्रालय<br>राष्ट्रिय योजना आयोग | आषाढ मसान्त भित्र | तीन वर्ष भित्र | |
| ३६. | राष्ट्रियपुनर्निर्माण कोष स्थापना गरी आन्तरिक स्रोतबाटरु. बीस अर्व जम्मा गर्ने। | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | नपर्ने | दुई बर्ष भित्र | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| ३७. | भूकम्पवाट मृत्यु भएकाहरूको सम्झनालाई चीरस्थायी राख्न मृतकहरूको अभिलेख सहितकोस्मारक निर्माण गर्ने। | सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>सूचना तथा सञ्चार मन्त्रालय | छ महिना (नक्साङ्कन सहित) | पाँच वर्ष | |
| ३८. | भुकम्पबाट भएको अकल्पनीय क्षति समेतलाई मध्यनजर गरी पूनर्स्थापना र पुनर्निर्माण केन्द्रित नवनिर्माणका साथै एकिकृत बस्ती विकासको भावी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | राष्ट्रिय योजना आयोग<br>सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू | जेष्ठ मसान्त | पाँच बर्ष | |
| ३९. | वर्षायाममा आउन सक्ने विपद् व्यवस्थापन गर्न निम्न आवश्यक पूर्व तयारी गर्ने, | | | | | |
| | (क) आवश्यक खाद्यान्न, आश्रयका साधन र अति आवश्यक वस्तुको क्षेत्रीयस्तरमा भण्डारणगर्ने। | गृह मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>अर्थ मन्त्रालय<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय (पूर्व चेतावनी प्रणाली विकास गर्ने) | ७ दिन | जेष्ठ मसान्त | |
| | (ख) विपद् व्यवस्थापन गर्नसुरक्षा निकायको प्रतिकार्य क्षमता बढाई तयारी अवस्थामा राख्ने। | रक्षा/गृह मन्त्रालय | | जेष्ठ मसान्त | निरन्तर | |
| | (ग) नेपाली सेनाको हवाई सेवा क्षमता विकास गर्ने। | रक्षा मन्त्रालय | | नपर्ने | निरन्तर | |
| | (घ) अस्पताल तथा स्वास्थ्य केन्द्रहरुलाई तयारी अवस्थामा राख्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | नपर्ने | तत्काल | |
| | (ङ) सडक सञ्जाल छिटो सञ्चालनमा | भौतिक पूर्वाधार तथा यातायात | | नपर्ने | निरन्तर | |

| सि.नं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | योजना तयार गर्ने | कार्य सम्पन्न | |
| | ल्याउन सडक विभागको क्षमता अभिवृद्धि गरी तयारी अवस्थामा राख्ने । | मन्त्रालय | | | | |
| | (च) बर्षायाममा जाने बाढीपहिरोको जोखिम न्यूनिकरण गर्न आवश्यक तयारी गर्ने । | सिंचाई मन्त्रालय | | नपर्ने | तत्काल | |
| ४०. | भूकम्पवाट प्रभावित क्षेत्रमा खोज, उद्धार र राहत कार्यमा प्रशंसनीय कार्य गर्ने राष्ट्रसेवक, संघसस्था र ब्यक्तिलाई पुरस्कृत गर्ने । | गृह मन्त्रालय | सम्बन्धित मन्त्रालयहरु | नपर्ने | एक वर्ष | |

**४. कार्ययोजनाको कार्यान्वयन :**

प्रस्तुत कार्ययोजना कार्यान्वयन गर्न यसै कार्ययोजनाको अधिनमा रही सम्बन्धित मन्त्रालय/निकायहरूले क्षेत्रगत कार्ययोजना बनाई कार्यान्वयन गर्न सक्नेछन् ।

**५. कार्ययोजना कार्यान्वयनको समन्वय तथा अनुगमन:**

यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागिभुकम्पबाट भएको क्षति तथा आवश्यकता पहिचान र विश्लेषण गर्ने,अन्तर मन्त्रालयगतसमन्वय, निर्देशन तथा कार्ययोजना कार्यान्वयनको अनुगमन गर्नप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (आर्थिक तथा पूर्वाधार हेर्ने) को संयोजकत्वमा अर्थ, गृह, सहरी विकास, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, संघीय मामिला तथा स्थानीय विकास, स्वास्थ्य तथा जनसंख्या र शिक्षा मन्त्रालयका सचिवहरु सदस्य रहने समन्वय तथा अनुगमन समिति गठन गर्ने ।

**मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट स्वीकृत मिति :२०७२।२।८।६**